“कृषि, पर्यटन र सामाजिक पूर्वाधार,
समृद्ध चाँगुनारायणको मूल आधार”

# चाँगुनारायण नगरपालिकाको
# दशौँ नगरसभामा प्रस्तुत
# आर्थिक वर्ष २०७८।७९ को
# अर्धवार्षिक समिक्षा

**प्रस्तुतकर्ताः विना बास्तोला**
**उपप्रमुख**
**चाँगुनारायण नगरपालिका, खरिपाटी भक्तपुर**

**मितिः  २०७८ पौष १८ गते आइतबार**

# <u>चाँगुनारायण नगरपालिका</u>

# <u>१० औं नगरसभा लागि पेश हुने प्रगती समिक्षा</u>

आदरणीय सभाध्यक्षज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, चाँगुनारायण नगरपालिकाको यो गरिमामय दशौं नगरसभा बैठकमा उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक नमस्कार एवं स्वागत गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना लगायत नेपालको राजनीतिक परिवर्तनको आन्दोलनका विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्दाञ्जली अर्पण गर्दछु । कोभिड–१९ को महामारीबाट जीवन गुमाउने सबैप्रति श्रद्धासुमन व्यक्त गर्दछु । साथै नेपालमा भएका राजनीतिक परिवर्तनका विभिन्न आन्दोलनमा घाइते हुनुभएका योद्दाहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्द्छु । कोरोना भाइरस संक्रमित सबैमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दै आगामी दिनमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालनामा विशेष सचेत रहन आम नागरिकहरुमा हार्दिक अनुरोध गर्दछु ।

स्थानीय तहको निर्वाचनमार्फत् हामी निर्वाचित जनप्रतिनिधिहरु कार्यकालको उत्तरार्धमा आईपुगेका छौँ ।यस अवधिमा कोभिड-१९ को संकटपूर्ण र असहज परिस्थितिको सामना समेत हामीले गर्यौ । कठिन परिस्थितीका बाबजुद पनि जनताप्रतिको उत्तरदायित्वलाई ईमान्दारी र निष्ठापूर्वक निर्वाह गर्ने प्रयत्न गर्ने क्रममा विकास निर्माण लगायत जनजीविकाको सम्बोधन गर्ने सवालमा महत्वपूर्ण कार्य गर्न हामी सफल भएको ठानेका छौं ।

हामीले अंगीकार गरेको **कृषि, पर्यटन र सामाजिक पूर्वाधार चाँगुनारायणको मूल आधार** समेतको दूरदृष्टिमा आधारित रही चालू आ.व.मा विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । यस आ वको पहिलो चौमासिक अवधिमा मुख्यरुपमा गत आ वमा संचालन गरिएका कार्यक्रमहरुको वार्षिक समिक्षा, सार्वजानिक सुनुवाई, तथा यस आ वको कार्य योजना निर्माण जस्ता महत्वपूर्ण कार्यहरु सम्पन्न गरिसकेका छौँ । यसै सन्दर्भमा चालु आ.वमा हालसम्म संचालित योजना तथा कार्यक्रमहरुको अर्धवार्षिक समीक्षा यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## <u>आय एवं व्यय विवरण</u>

आदरणीय महानुभावहरु, यस आर्थिक वर्षका लागि चाँगुनारायण नगरपालिकाको बजेट कुल १ अर्ब ९० करोड ६४ लाख ८४ हजार २५४ रुपैया विनियोजन भई २८ करोड ८४ लाख ५ हजार आन्तरिक राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा २०७८ पुस १३ गतेसम्म रु ६,९६,४७,७९७।– ( छ करोड छयानब्बे लाख सतचालीस हजार सात सय सन्तानब्बे ) संकलन भएको छ । यो कुल राजस्व संकलन लक्ष्यको २४.१५ प्रतिशत हुन आउँछ । त्यसै गरी संघीय सरकार समानिकरण

अनुदान मार्फत प्राप्त हुने रकम रु १७,४५,००,०००।– मध्ये हालसम्म रु ८,७२,५०,०००।– प्राप्त भएको छ । संघीय सरकार शशर्त अनुदान मार्फत हालसम्म दुई किस्ता निकासा रकम रु १२,६०,७५,०००।– प्राप्त भईसकेको छ । बागमती प्रदेश सरकार समानीकरण अनुदान मार्फत रु ७६,०८,५००।– र शशर्त अनुदान चालु/पुँजिगत तर्फ रु २,७०,८९,५००।– प्राप्त भएको छ । संघीय सरकार राजश्व बाँडफाँड मूल्य अभिवृद्धी कर र अन्तशुल्क वापत कार्तिक महिनासम्मको रु २,४०,४५,५७३।– प्राप्त भएको छ भने सवारी साधन कर वापत बागमती प्रदेश सरकारबाट कार्तिक मसान्तसम्मको रु २,७८,८६,५१२।– रकम प्राप्त भईसकेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीमा रहेको व्यहोरा अवगत गराउन चाहन्छु । हाल कोभिड–१९ को असर कम भएता पनि पर्यटक प्रवेश शुल्क उठ्न नसकेको अवस्था रहेको छ । यद्यपि आगामी दिनमा व्यापार व्यवसाय चलायमान भइ अपेक्षाकृत राजस्व संकलन हुने संभावना बढ्दै गएको छ । नगरपालिकाबाट बाहिरिने कच्चा पानी तथा शुद्ध पानी र माटो, पाँगो माटो र काँचो इट्टा तथा खेलकुद मैदानको ठेक्काबाट यस आर्थिक वर्षमा लक्ष्य अनुसारको राजस्व संकलन हुने अनुमान छ ।

दोस्रो त्रैमासिकको करिब अन्त्यमा आईपुग्दा यस नगरपालिकाको कुल खर्च रकम रु ४२,२०,९७,७३१।– रहेको छ जुन कुल विनियोजित बजेटको २२.०६ प्रतिशत हो । जसमा चालु खर्च रु २२,५६,८८,०८१।– अर्थात ३१।५५ प्रतिशत रहेको छ भने पुँजिगत खर्च रु १९,६४,०९,६५०।– रहेको छ। यो पूँजिगत तर्फ विनियोजित बजेटको १६.३९ प्रतिशत हो ।

## **१. मेयर उद्यमशिलता विकास तथा प्रधानमन्त्री रोजगार कार्यक्रम :**

यस नगरपालिकाको गौरबको आयोजनाको रुपमा रहेको मेयर उद्यमशिलता विकास कार्यक्रम मार्फत छनौट भई हालसम्म SYB/GYB सम्बन्धी ७ दिने तालिम प्राप्त गरेका सम्भावित उद्यमीहरु मध्ये ७३ जनाले सहुलियतपूर्ण कर्जा प्राप्त गरिसकेका छन् भने २७ जना कर्जा प्राप्तीको अन्तिम चरणमा रहेका छन् । हालसम्म कर्जा प्राप्त गर्ने उद्यमीहरुले नियमित रुपमा किस्ता बुझाएको जानकारी प्राप्त भएको छ । यसका साथै गत वर्ष छनौट भएका सबै वडा का उद्यमीलाई सहुलियतपूर्ण कर्जा प्रवाह सहजीकरणका लागि अभिमूखीकरण कार्यक्रम सम्पन्न गरियो । सहुलियतपूर्ण कर्जा प्रवाहको लागि फाइल पेश भएका उद्यमीको व्यवसायहरुको स्थलगत अनुगमन कार्यक्रम कार्य संचालनमा रहेको छ। यस आर्थिक वर्षमा थप ६० जना लाई उद्दमशिलता र वित्तिय साक्षरता कार्यक्रम संचालनमा रहेको छ । उर्जा प्रर्वद्धन तर्फ नगरकोटमा सामुदायिक वन उपभोक्ता समितिका १५ सदस्यहरु लागि बयोमास ब्रिकेट बनाउने शैदान्तिक र व्यवहारिक तालिम प्रदान गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन अन्तर्गत आ व २०७८।७९ मा ९ वटै वडा कार्यालयहरु मार्फत प्राप्त भएका ८१४ बेरोजगार व्यक्ति EMIS मा सूचिकरण र प्राथमिकीकरणको कार्य सम्पन्न भएको छ । सूचीकृत बेरोजगारहरु मध्ये प्राथमिकीकरणका आधारमा छनौट भएका १०७ जना श्रमिकहरुलाई ४ वटा वडामा (४, ६, ७ र ९) वडास्तरीय

अभिमुखिकरण, कार्यस्थल सुरक्षा सामग्री वितरण र लाभग्राही परिचयपत्र वितरण गरि काममा खटाइएको छ साथै वडा नं १, २, ३, ५ र ८ वडाहरुमा क्रमागत रुपमा कार्यक्रम संचालन गरिने व्यहोरा अवगत गराउन चाहन्छु ।

त्यसैगरी नेपाल पर्यटन बोर्डको साझेदारीमा जिविकोपार्जन पुनर्उत्थानको लागि दिगो पर्यटन परियोजना मार्फत चाँगुनारायण नगरपालिकाको वडा नं ६ मा मुहानपोखरी- खोलेखेत- गडगडे -नगरकोट पर्यटकिय पदमार्ग निर्माण गरि कोभिड महामारीबाट प्रभावित ३१० जना नगरबासीहरुलाई कम्तीमा २० देखि ७४ दिन सम्मको रोजगारी उपलब्ध गराई आर्थिक राहत प्रदान गरिएको छ । यसबाट चाँगुनारायण नगरपालिकाले थप केहि प्राकृतिक पर्यटकीय गन्तव्य प्राप्त भएको छ ।

गरिबी निवारण लागि लघु उद्यम विकास कार्यक्रम मार्फत १२ जना महिलाहरुलाई ५ दिने आधारभूत साबुन बनाउने तालिम, १८ जना महिलाहरुलाई अचार बनाउने तालिम, १६ जनालाई ५ दिने आधारभूत साबुन बनाउने तालिम संचालन भईसकेको छ । २० जनाको लागि उद्दमशिलता विकास तालिम प्रदान गरिएको छ ।

## २.भौतिक पूर्वाधार विकास तर्फ :

उपस्थित नगरसभा सदस्य ज्यूहरु, यस आर्थिक वर्षको लागि भौतिक पूर्वाधार विकास अन्तर्गत कूल ४८६ वटा योजना रहेकोमा १५७ वटा योजना गत आर्थिक वर्षबाट दायित्व सरेका आएका छन् । यससँगै यस आर्थिक वर्षको लागि चाँगुनारायण नगरपालिकाको भौतिक पूर्वाधार विकासका योजना ६४३ कायम भएका छन् । यस आर्थिक वर्षमा २० लाख भन्दा बढीका ३९ वटा योजनाहरुको ठेक्का आव्हान हुनुपर्नेमा २३ वटा योजनाको ठेक्का सम्झौता भएका छन् । १४ वटा योजनाको आशय प्रकाशित छन्, २ वटा योजनाहरु मूल्याकंनमा रहेका छन् भने ४ वटा योजनाको सूचना प्रकाशित भईसकेका छ । ६०४ योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्नुपर्नेमा १५६ उपभोक्ता समितिहरुसँग योजना सम्झौता भएका छन् । गत आर्थिक वर्ष एवं यस आर्थिक वर्षका ४९ वटा योजना कार्यसम्पन्न भएका छन् ।
भौतिक पूर्वाधार विकास तर्फ १.६२ कि.मि सडक कालोपत्रे भएका छन्, ७५० मि सडक ढलान भएका छन्, ५ वटा खानेपानी योजना सम्पन्न भएका छन् । चाँगुनारायण नगरपालिकाको प्रशासकीय भवन तिब्र सम्पन्ता उन्मुख भई २८% प्रगती हासिल भई सकेको छ ।

## ३.शिक्षा युवा तथा खेलकुद

कोभिड-१९ को विश्वब्यापी प्रभावका कारणले उत्पन्न विषम परिस्थितीलाई मध्यनजर गर्दै विद्यालयहरुमा सिकाई सहजिकरणका लागि कोभिड-१९ तथा अन्य सरुवा रोग सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ । यसैगरी नगरपालिका क्षेत्रभित्र विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई अनिवार्य विद्यालयमा भर्ना गराई गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यलाई निरन्तरता दिन बैकल्पिक सिकाई सहजीकरण कार्यक्रम सम्पन्न भईसकेको छ । सवै सामुदायिक विद्यालयहरुको परीक्षामा एकरुपता कायम गर्ने गरी गुणस्तरीय परीक्षा सञ्चालन गर्ने हेतुले विद्यालयका

शिक्षकहरुलाई प्रश्नपत्र निर्माण सम्बन्धी तालिम संचालन गरिएको छ। यस नगरपालिकाको समग्र शैक्षिक गुणस्तर सुधार गर्न सूचना प्रविधिको प्रयोग मार्फत सामुदायिक र संथागत विद्यालयहरुको एकिकृत विद्यालय ब्यवस्थापन सूचना प्रणाली (Integrated Education Management Information System) सम्बन्धी विभिन्न तालिमहरु सञ्चालन भएको छ ।त्यसैगरी दक्ष डाक्टर / इन्जिनियरको अभावमा स्वास्थ्य र प्राविधिक जनशक्ति उत्पादनको क्षेत्रमा टेवा पुयाउने उद्देश्यले छात्रवृत्ती वितरण सम्बन्धी कार्यविधि पारित भईसकेको परिवेशमा नगरभित्रका सामुदायिक तथा सस्थागत विद्यालयमा अध्ययन गर्ने गरिब, विपन्न तथा असहाय जेहेनदार विद्यार्थीको उच्च शिक्षा अध्ययनको लागी छात्रवृत्ती कार्यक्रम लागु गरिएको छ ।जसबाट प्रति वर्ष ९ जना विद्यार्थीलाई ईन्जिनियरिङ्गमा छात्रवृत्ति तथा २ जनालाई MBBS अध्ययन गर्ने विद्यार्थी छनौट गर्ने तथा निजहरुको अध्ययन अवधीभर लाग्ने आंशिक/पुर्ण शैक्षिक शुल्कको व्यवस्था गरी छात्रवृत्ति प्रदान गर्ने उद्देश्यका साथ छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यान्वयन कार्यविधि, २०७८ जारी भई सकेको छ । छात्रवृत्तिको लागि विद्यार्थीको छनौटका निम्ति सूचना प्रकाशनको तयारीमा रहको छ ।त्यसैगरी यस आ वको प्रथम चौमासिकमा नगरस्तरीय प्रतिभाको खोजी कार्यक्रम सम्पन्न भएको छ । विद्यालयहरुका समस्या पहिचान सहित पहिचान भएका समस्याहरुको निराकरणका लागि सरोकारवालहरुसँग निरन्तर बैठक छलफल कार्य भईरहेको छ । बिद्यार्थीहरुको अतिरिक्त क्रियाकलाप विकास अन्तरगत कविता लेखन प्रतियोगिता,विद्यार्थी उत्प्रेरणा कार्यक्रम, बाल विकास सहजकर्ताहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ । अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप, चित्रकला प्रतियोगिता, विभिन्न विषयमा खोज तथा अनुसन्धान कार्य सम्पन्न भएको छ । नगर उप-प्रमुख ज्यूको अभिभावकत्वमा सामुदायिक / संस्थागत विद्यालयहरुबाट प्रधानाध्यापकहरुको सहभागितामा राष्ट्रीय स्तरमा उत्कृष्ट ठहरिएका सुदुर पश्चिमका विद्यालयहरुको अवलोकन भ्रमण गरी असल अभ्यासहरुलाई यस नगरपालिकाका विद्यालयहरुमा अनुकरण गर्न गराउने उद्देश्यका साथ शैक्षिक अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको छ । बचत खाता छोरीको सुरक्षा जिवन भरीको कार्यक्रमको चालु आ.व. को रकम निकासा अन्तिम चरणमा रहेको छ । यस कार्यक्रमले कक्षा १ देखी १२ सम्मका सवै छात्राहरुको निरन्तर छात्रबृति प्राप्तिको अधिकारलाई सुनिश्चित गर्ने छ। शिक्षक गोल्डेन ह्याण्डसेक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ निर्माण गरी उक्त कार्यक्रममा ३७ जना शिक्षकहरुलाई सम्मान सहित रकम हस्तान्तरण गर्ने कार्य सम्पन्न भएको छ । चाँगुनारायण नगरपालिकाको नगरस्तरीय पञ्चवर्षिय शैक्षिक योजना निर्माण कार्य प्रारम्भ भएको छ । यस नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्य अन्तिम चरणमा रहेको साथै यो कार्य यसै महिना भित्र सम्पन्न हुने विश्वास लिईएको छ ।

नेपाल ईन्जिनिरिङ्ग कलेजमा अध्ययनरत बिद्यार्थीहरुको लागि ए फर आर्किटेक्चर र स्पेस म्यागेजिनको एकदिने कार्यशाला, हेरिटेज बिल्डिङ्ग अफ काठमाडौँ भ्याली विषयमा २ दिने प्रशिक्षण आयोजना गरिएको छ । कलाइडस्कोप कलेज राउण्ड पुरस्कार वितरण समारोह सम्पन्न भएको छ । आर्किटेक्चर ईन्जिनियरिङ्ग बिषयका बिद्यार्थिहरुको सातदिने

पश्चिम नेपाल भ्रमण, ४ दिने रसुवा भ्रमण सम्पन्न भएको छ। एकाडेमिक ब्लक ए मा शौचालय निर्माण, पुस्ताकालय भवन स्तरोन्नती, मोडल हल निर्माण, सिपियस भवन मर्मत सम्भार तथा पार्किङ्ग क्षेत्र सुधार जस्ता पूँजीगत कार्यहरु संचालनमा रहेका छन् भने महिला छात्रावास भवन मर्मत, चमेना गृह अगाडीको पर्खाल निर्माण, बि ब्लकमा थ्रि फेज लाइन जडान कार्य, कलेजको मूल खानेपानी टङ्की मर्मत सम्भार जस्ता कार्यहरु सम्पन्न भएका छन् । यस आर्थिक वर्ष भित्र B.Arch एवं BE CIVIL & RURAL नवौं सेमेस्टर नतिजा प्रकाशित भएको छ जस्को उतिर्ण प्रतिशत क्रमश ९५ र ६७ प्रतिशत रहेको छ । विश्व विद्यालयको र कलेजको नियमानुसार भर्ना भएका विद्यार्थीहरु मध्ये १०% विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिनुका साथै चाँगुनारायण नगरपालिका वडा नं १ देखि ४ तथा काठमाडौं जिल्लाको मूलपानी र डाँछी क्षेत्रका जेहेन्दार बिद्यार्थीलाई समेत निशूल्क अध्ययन गराउँदै आईएको छ । साथै कलेजमा ७ प्रदेशको लागि १-१ जनाका दरले ७ जना जेहेन्दार बिद्यार्थीहरुलाई नि शूल्क अध्ययन गराउँदै आएको छ। नेपाल ईन्जिनियरिङ्ग कलेजको २७ औं बार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ । यस आर्थिक वर्षमा नेपाल ईन्जिनियरिङ्ग कलेजको खर्च विवरणय यस प्रकार रहेको छ ।

| | |
|---|---|
| तलब भत्ता उपदान | ६,८५,६८,२८५।०० |
| संचालन खर्च | १,०६,५६,२१९।०० |
| विद्यार्थी सम्बन्धित खर्च | ६८,२१,२११।०० |
| अन्य | १०,५४,२६७।०० |
| पूँजीगत खर्च | ४६,४१,०१५।०० |
| बिश्व विद्यालय सम्बन्धी खर्च | १,५२,३४,०००।०० |

## ४. स्वास्थ्य क्षेत्र :

चाँगुनारायण नगरपालिकाको प्रमुख प्राथमिकताको क्षेत्रको रुपमा रहेको स्वास्थ्य सेवालाई प्रभावकारी ढंगले अगाडी बढाउन चालु आ वमा बिभिन्न कार्यक्रमहरु रहेको व्यहोरा विदितै छ । नगरपालिका अन्तरगतका नगर अस्पताल लगायत बिभिन्न स्वास्थ्य संस्थाहरु मार्फत स्वास्थ्य सेवामा नागरिकहरुको सर्वसुलभ पहुँच पुर्याउन नगरपालिका हरदम प्रयत्नरत रहेको छ । कोरोना महामारी रोकथाम नियन्त्रण तथा उपचारमा नगरपालिकाको स्वास्थ्यकर्मी, जनप्रतिनिधि तथा कर्मचारीहरुको सक्रियता रहेको अवस्था छ । यस एकिकृत प्रयास एवं सहयोगको उच्च मूल्यांकन गर्दै रोकथाम नियन्त्रण एवं उपचारमा लाग्नुहुने सम्पूर्ण महानुभावहरुलाई धन्यबाद व्यक्त गर्दछु । यस महामारीबाट नागरिकहरुको सुरक्षाका सन्दर्भमा बिशेष ध्यान केन्द्रित गर्दै कोभिड १९ बिरुद्धको भ्याक्सिन कार्यक्रम तिब्र गतिमा अघि बढिरहेको छ । हाल सम्म

जनाले ७०९९ जनाले कोभिसिल्ड/एस्ट्रजेनिका, ७३३४४ जनाले भेरोसिल ५९४३ जनाले जोन्सोन गरि ८६३८३ जना नगरबासीका साथै नगर बाहिरको नेपाली नागरिकहरु समेत भ्याक्सिनेटेड भएका छन् । आगामी दिनमा चाँगुनारायण नगरपालिकालाई खोपयुक्त नगरको रुपमा घोषणा गर्ने लक्ष्य लिएको छ ।

चाँगुनारायण नगरपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने परिवारहरुको स्वास्थ्य बिमा कार्यक्रम संचालनमा रहेको छ । हालसम्म नगरक्षेत्रमा १२९३ परिवारहरुबाट ५८१२ नगरबासी ५०% अनुदान मार्फत स्वास्थ्य बिमा कार्यक्रममा सहभागि भईसकेका छन् । यस अवधिमा महिला स्वास्थ्य सेविकाहरुको अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ । सुडाल स्वास्थ्य चौकीमा प्राथमिक ल्याब स्थापना भई कार्य शुभारम्भ समेत भईसकेको छ भने ताथली स्वास्थ्य चौकीमा ल्याब स्थापना हुने प्रकृयामा रहेको छ । नसर्ने रोग तथा पाठेघर स्क्रिनिगं क्याम्प, विद्यालय स्वास्थ्य शिक्षा तथा महिला स्वास्थ्य स्वयमसेविका तथा आमा समूहलाई सदस्यहरुमा स्वास्थ व्यवहार परिवर्तन सम्बन्धी तालिम सम्पन्न भई सकेका छन् । स्वास्थ्य चौकीहरुका लागि आवश्यक अत्यावश्यक औषधी खरिद प्रकृया अन्तिम चरणमा रहेको छ । बिपन्न नागरिक सहायता कार्यक्रम अन्तगर्त ३७ क्यान्सर पडिति, २८ मुटु रोगी, ७ मिर्गौला रोगी एवं २ स्पाईनल ईन्जुरिका भएका बिपन्न नगरबासीहरुलाई सिफारिस गरिएको छ । नगरपालिकाको स्वास्थ्य सेवा पहुँच पुर्याउन कठिन भएका समुदायमा परिवार नियोजन, किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रम संचालनको लागि Roving ANM छनौट गरि कार्य संचालन भईसकेको छ । मातृ तथा नव शिशु कार्यक्रम यथासिघ्र नरन्तर संचलान भईरहेको छ । खोप कार्यक्रमलाई थप व्यवस्थित एवं डिजिटल अभिलेखिकरणको लागि स्वास्थ्य सेवा बिभागबाट IMU तालिमा संचालन भईरहेको छ भने नगरपालिका Immunization Mobile App पनि निर्माण गरिरहेको छ ।

चाँगुनारायण अस्पतालले प्रदान गरेको सेवा सम्बन्धी विवरण अनुसूचीमा संलग्न गरिएको छ । चाँगुनारायण नगर अस्पतालले सम्पूर्ण नगरवासीहरुको उपचारमा निरन्तर लागी रहेको छ । हाल उपलब्ध सेवाहरुमा २४ घण्टा ईमेरजेन्शी सेवा , स्वास्थ्य बिमाका बिरामीहरुको उपचार र औषधी सेवा डिजिटल एक्स रे सेवा, भिडियो एक्स रे सेवा, एन्टी रेविज भ्याक्सिनेशन सेवा, उच्चस्तरको स्वास्थ्य प्रयोगशाला सेवा, २४ औं घण्टा प्रसुती सेवा, ३० कोभिड बिरामी उपचार सेवा उपलब्ध गराएको छ । प्रत्येक बुधबार आँखा एवं नाक कान घाँटीको विशेषज्ञ सेवा उपलब्ध गराउन थालेको छ । माथिका उल्लेखित सेवा मार्फत चाँगुनारायण अस्पतालले रु ३ लाख ५३ हजार ५ सय ३१ रुपैयाको आम्दानी गरेको छ । कोभिड महामारीका लागि आवश्यक अक्सिजन उत्पादनको लागि प्लाट धमाधम जडान भईरहेको छ ।

आर्युवेद सेवा तर्फ आर्युवेद सेवालाई प्रभावकारी बनाई नागरिकहरुको पँहुच बृद्धि गर्न नगरपालिका बिभन्न कार्यक्रमहरु संचालनमा रहेको छ । जस मध्ये “मेरो स्वास्थ्य, मेरो जिम्मेवारी” भन्ने नारालाई सार्थक तुल्याउन प्रत्येक महिनाक २ पटक ताथलीमा नागरीक आरोग्य सेवा क्लिनिक संचालनमा रहेको छ । शरिर सुद्धिकरण चिकित्सा अन्तर्गत स्वस्थ्य जिवन

शैली, नियमित योग र पूर्वकर्म सेवालाई प्रमुख प्राथमिकताका राखि सेवा प्रवाह भईरहेको छ । सुत्केरी आमाहरु लक्षित गरि मातृशिशु सुरक्षार्थ दुग्ध वर्धक जडिबुटिजन्य पौष्टिक औषधिहरु वितरण भईरहेको छ ।जेष्ठ नागरीकहरुलाई स्वास्थ्य प्रवर्धन गर्नको लागि रसायनिक एवं रोग प्रतिरोधात्मक क्षमता वृद्धि हुने औषधि तथा मालिस तेल विवरण भईरहेको छ । प्राचित चिकित्सा प्रणाली, आयुर्वेदको ज्ञानसहित जडिबुटी, स्वस्थ्य जिवनशैली, योग आदि समेटेर विद्यालय आयुर्वेद तथा योग शिक्षा संचालन माघ मसान्त भित्र सम्पन्न गरिनेछ ।कोभिड नियन्त्रणका लागि रोग प्रतिरोधात्मक क्षमता अविवृद्धि कार्यक्रम सहित विराम जाँच, उपचार तथा औषधि वितरण सहितको बिशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर फाल्गुणमा संचालन गरिनेछ । सेवा केन्द्रको लागि अत्यावश्यक औषधि खरिद कार्यको लागि दररेट माग भएको छ । दुवाकोट क्षेत्रका यथासिघ्र आर्युवेद सम्बन्धी गाउँघर क्लिनिक संचालनको तयारी अन्तिम चरणमा रहेको छ ।

## <u>५.महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति एवं अपाङ्गता संरक्षण :</u>

चाँगुनारायण नगरपालिकाले सामाजिक समावेशीकरण  र कमजोर बर्गको सशक्तिकरण गरि पहुँच अभिबृद्धि गर्न चालु आ वमा लक्षित वर्गका प्रयाप्त कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

जस अन्तरगत हाल सम्म महिलाहरुको क्षमता अभिवृद्धि ५ वटा आधारभूत तालिम, समुदायमा आधारित मनोसामाजिक परामर्श तालिम २ वटा, किशोरीहरुका लागि जीवनोपयोगी तालिम १ वटा संचालन भएका छन् । एकल महिलाहरुको नगरस्तरीय समिति गठन र दिवसीय कार्यक्रम तथा अभियान लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् ।कूल विनियोजित रकम रु. ४० लाख मध्ये रु. १२ लाख ३ हजार ६५ रुपैया मात्र खर्च भएको छ ।

**<u>उपप्रमुखसँग महिला उद्यमशिलता कार्यक्रम :</u>** यस अन्तरगत मखमली जुत्ता बनाउने तालिम, कम्प्युटर तालिम, आधारभुत मण्टेश्वरी तालिम र एड्भान्स मण्टेश्वरी तालिम सम्पन्न भइसकेको छ भने सिलाई कटाई तालिम र बेतबाँसको सामग्री बनाउने तालिम सम्पन्न हुने क्रममा रहेका छन् ।

**<u>बालमैत्री स्थानीय शासनः</u>** यस अन्तरगत नीतिगत कार्यान्वयनका लागि अवलम्बन तथा घोषणा सम्बन्धी वडास्तरीय अभिमुखीकरण, बालमैत्री वडा सहजकर्ताहरुको नियुक्ति, बालमैत्री सहजकर्ताहरुलाई क्षमता विकास प्रशिक्षण सम्पन्न भएको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन घोषणा र दिगोपनाको लागि २६२ वटा बालसमूह गठन भएका छन्, १० वटा  बालसञ्जाल गठन भएका छन्, सबै वडामा बालमैत्री कक्ष व्यवस्थापन गरि ३०० सार्वजानिक स्थलहरुमा बालमैत्री आचारसंहिता, सावधान बोर्ड, बालश्रम बिरुदको पम्प्लेट एवं बोर्ड राख्ने कार्य सम्पन्न भएको छ । यस कार्यक्रममा रु.९८ लाख रुपैयामा विनियोजित भएकोमा रु. २२ लाख ६८ हजार ७ रुपैया मात्र खर्च भएको छ ।

**<u>ज्येष्ठ नागरिक तर्फ :</u>** ज्येष्ठ नागरिक मिलन चौतारी गठन एवं सञ्चालन कार्यविधि तर्जूमा भएको ज्येष्ठ नागरिक मिलन चौतारीका लागि रु १ लाख हस्तान्तरण हुने क्रममा छ  र अन्य कार्यक्रम सञ्चालन हुने क्रममा  छन् ।

**<u>दलित उत्थान तथा विकासका लागि</u>** लोकसेवा तयारी कक्षामा भाग लिन १७ जना सहभागीहरुलाई सिफारिस गरिएको र दलित नागरिक वडा मञ्चको सञ्चालन व्यवस्थापन कार्यर्विधि तर्जूमा भएको छ ।

**<u>आदिबासी जनजाति लक्षित कार्यक्रमबाट</u>** पर्यटन प्रवर्धनका लागि होमस्टे तालिम सुरु भएको छ भने अन्य कार्यक्रमहरु सञ्चालनको क्रममा छन् ।

**<u>अपाङ्गता लक्षित कार्यक्रम अन्तर्गत</u>** अन्तर्राष्ट्रिय अपाङ्गगता सम्बन्धी दिवसको अवसरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको तथा सांकेतिक भाषा सिकाइ कार्यक्रम सञ्चालनको क्रममा रहेको छ । अन्य कार्यक्रम सञ्चालनको क्रममा रहेका छन् ।

## ६. <u>कृषि, पशु विकास तथा सहकारी क्षेत्र :</u>

चाँगुनारायण नगरपालिकाले आर्थिक वर्ष २०७८।७९ को लागि कृषि क्षेत्रमा विनियोजित कूल १ करोड ४४ लाख ८४ हजारमा हालसम्म ६३ लाख ६३ हजार खर्च भएको छ । जस अन्तरगत ५० प्रतिशत अनुदान कार्यक्रममा गहुँ बिउ एवं उन्नत तरकारी मिनिकिट वितरण कार्यक्रम सम्पन्न भएको छ । धान लगायत अन्य नगदेवालीको बिउ वितरण मौसम अनुसार वितरण गरिनेछ । नगरपालिकाका विभिन्न स्थानहरुमा आकस्मिक बाली संरक्षण तथा बाली उपचार शिविर र माटो जाँच कार्यक्रम तथा निशूल्क जैविक बिषादी वितरण कार्यक्रम सम्पन्न गरिएको छ । १ दिने व्यवसायिक तरकारी खेती सम्बन्धी घुम्ति तालिम सम्पन्न गरिएको छ । थप २ पटक यस्ता तालिम संचालन गरिनेछ । ४५० तरकारी खेती गर्ने कृषकहरुको लागि ५० % अनुदानमा प्लास्टिक सिट वितरण कार्य गरिएको छ । २७ जना चाँगुनारायण नगरपालिकाका कृषकहरुलाई अन्तर जिल्ला कृषक तथा प्रविधि अवलोकन भ्रमण गरिएको छ । व्यवसायिक मौरी पालनलाई प्रोत्साहनको लागि यथोचित तालिम सहित २० घार मौरी गोला वितरण प्रक्रियामा रहेको छ । कृषि आधुनिकिकरणको लागि ३४ वटा ट्याक्टर, ८०वटा बिषादी छर्ने स्प्रेयर वितरण गर्ने प्रक्रियामा रहेको छ । चाँगुनारायण नगरपालिका भित्र रहेका सार्वजानिक जग्गामा फलफूलको नर्सरी स्थापना एवं खाधान्न बालि र बेमौसमी तरकारी बाली उत्पादनको लागि युवा रोजगार कार्यक्रम, एकिकृत कृषक पाठशाला कार्यक्रम प्राथमिकिकरण साथ संचालनको सूचना प्रकाशन भई फिल्ड छनौट भएका छ । नगर क्षेत्रका १७ कृषकहरुले विभिन्न बैंक मार्फत कृषि क्रेडिट कार्ड प्राप्त गरेका छन् । पूजिँगत तर्फ कृषि सेवा केन्द्र खरिपाटीको मर्मत सम्भार, कृषि सेवा केन्द्र ताथली मर्मत सम्भार, शित भण्डार कक्ष निर्माणको लागि जग्गा छनौट समेत भई सकेको अवस्था छ । ४१ वटा कृषि सहकारीहरुलाई अनुदानको रासयनिक मल वितरणको लागि छनौट भई मल बितरण भई रहेको छ । ५० प्रतिशत अनुदानमा कृषि चुन वितरण प्रक्रियामा रहेको छ । प्याज र कुरिलो नर्सरी स्थापना तथा निशूल्क बेर्ना बितरण कार्यक्रम संचालनमा रहेको छ ।

पशु विकास तर्फ पशु तथ्याकं संकलन कार्य संचालनमा रहेको केहि दिनभित्रै नगरक्षेत्रमा रहेका पशु व्यवसायको डिजिटल अभिलेखिकरण प्राप्त हुने देखिन्छ । चालु आ वमा पशु नश्ल सुधार सेवा अन्तगत १६७४ गाई १७ भैंसी ४६ बाख्रा गरि जम्मा १८१७ पशुहरुमा कृत्रिम गर्भाधान कार्यको लागि नाईट्रोन व्यवस्थापन गरिएको छ । पशु स्वास्थ्य सेवा अन्तरगत औषधी

खरिदको लागि प्रथम चौमासिकमा विनियोजित रकमबाट औषधी खरिद गरी सेवा केन्द्रहरुमा मार्फत वितरण कार्य भईरहेको छ । नगरक्षेत्रका वडा ५ ७ र ९ मा खोरेत फैलिएकोले त्यस ठाउँबाट नमुना संकलन गरि ल्याब जाँच गरिएको छ । विश्व रेविज दिवसको उपलक्ष्यमा वडा नं २ र ३ मा २०० सामुदायिक कुकुरलाई भ्याक्सिनेशन कार्यक्रम गरिएको छ। ७८ जना पशुपालकहरुलाई एक दिने पशुपालन व्यवस्थापन तथा पशु स्वास्थ्य तालिम प्रदान गरिएको छ । पशु आशार सेवा अन्तरगत २८०० के जि जैई घाँस ६५५ कृषकलाई वितरण गरिएको छ । १०९ गाई १३ भैँसी ३४१ भेडा बाख्रा कुखुरा ७१९ ६ कुकुर लाई विभिन्न रोगको निदान कार्य औषधी वितरण तथा प्राविधिक परामर्श सेवा पुर्याईएको छ ।

यस आर्थिक वर्षमा नगरक्षेत्रामा सहकारी संस्थाहरुका पदाधिकारीहरुसँग व्यवस्थापकीय क्षमता अभिवृद्धि २ दिने कार्यशाला सम्पन्न भएको छ भने । सहकारी संस्थाका व्यवस्थापक तथा कर्मचारीहरुका लागि २ दिने COPOMIS सम्बन्धी क्षमता विकास कार्यक्रम (४२ जना सहभागि) सम्पन्न भएको छ । सहकारीहरुको सघन अनुगमन कार्य संचालन भईरहेको छ ।

## ७. <u>सूचना प्रविधि :</u>

नगरपालिकाको शासकीय प्रवन्धलाई समयानुकुल र प्रविधिमैत्री बनाई सेवा प्रवाहलाई छिटो छरितो गुणस्तरीय बनाई नागरिक सन्तुष्टीमा बृद्धि गर्नु नगरपालिकाको प्रमुख प्राथमिकता रहेको कुरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छु । यसै सन्दर्भमा सूचना प्रविधि क्षेत्रमा यस आर्थिक वर्षमा नयाँ प्रणालीको विकास भन्दा पनि विकसित प्रणालीहरुको प्रयोग एवं विस्तारलाई प्राथमिकतामा राखेका छन् । यस वर्षको महत्वपूर्ण कार्यक्रमको रुपमा हेरिएको ड्रोन बेस्ड ईमेज मार्फत मेट्रिक सिस्टम घर नम्बरिङ्गको कार्य तिब्रता साथ अघि बढेको छ । फाल्गुण मसान्त भित्र उल्लेखित परियोजना सक्ने लक्ष्य राखिएको छ । विभिन्न चरण एवं अन्तरक्रियाहरुमा यहाँ महानुभावहरुनै प्रत्यक्ष रुपमा सहभागी हुनुभएकोमा धन्यबाद समेत ज्ञापन गर्दछु । घर नम्बरिङ्ग पश्चात आवश्यक Addressing System निर्माणको लागि परामर्शदाता छनौट कार्य चलिरहेको छ ।

आदरणीय महानुभावहरु म यस गरिमामय सभा समक्ष नगरपालिकाले निर्माण गरेको ओपन डाटा पोर्टलले चाँगुनारायण नगरपालिकालाई विश्वकै उत्कृष्ट १० शहरहरुको सूचिमा सूचिकृत भएको कुरा सभा समक्ष जानकारी गराउन पाउँदा अत्यन्त गौरव महसुस भएको छ । संयुक्त राष्ट्र अमेरिकामा अवस्थित न्यूयोर्क युनिभर्सिटीको द गभ ल्याब नामक संस्थाले आयोजना गरेको खुल्ला डाटा क्षेत्रमा विश्वभरमा भएका १० उत्कृष्ट कार्यहरुमा चाँगुनारायण नगरपालिको ओपन डाटा पोर्टल समेत छनौट भएको । हाल यस प्रणाली निर्माणको चरण पार गरि डाटा एवं सूचना पृविष्टीको चरणमा पुगेको छ । एकिकृत सेवा वितरणको लागि डिजिटल हस्ताक्षर प्रणाली जडान हुदैँछ ।

चाँगुनारायण नगरापालिका क्षेत्रमा कृषक सूचिकरण, घर नम्बरिङ्ग, बालमैत्री स्थानीय शासन र अन्य जनसंख्या आवश्यक तथ्याकं संकलनको कार्य संचालन भएको छ । संघिय सरकारद्धारा प्राप्त गरिब परिवार पहिचान एवं परिचय पत्र वितरण कार्यक्रम यथासिघ्र संचालन हुनेछ । २०७४ सालमा जनप्रतिनिधि बहाल भए पश्चात चाँगुनारायण नगरपालिका क्षेत्रमा रहेका विभिन्न महत्वपूर्ण कार्यक्रम एवं विकास निर्माण सम्बन्धी आवश्यक वृत्तचित्र निर्माणको लागि परामर्शदाता छनौट भईसकेको छ शिघ्र छायकंन प्रक्रिया शुरुवात हुनेछ ।

## ८.<u>कर्मचारी प्रशासन एवं अन्तर निकाय समन्वय :</u>

चाँगुनारायण नगरपालिकाको जनघनत्वको अनुपातमा सेवाप्रवाहलाई प्रभावकारी वनाउन गत वर्ष सम्पन्न गरिएको चाँगुनारायण नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसारका पदहरुमा पदपूर्ति प्रकिया यसै आर्थिक वर्षमा अगाडि बढेको छ । यस नगरपालिकाबाट गत आ.ब तथा चालु आ.ब मा संचालन भएका योजना, कार्यक्रमका सम्बन्धमा सुझाव, गुनासो तथा अन्य समसामयिक विषयवस्तुको सम्बन्धमा यस आ.ब को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

यस आ.ब मा नगरपालिकामा ५ वटा टोल विकास संस्था, ४ वटा खानेपानी उपभोक्ता समिति नयाँ दर्ता भएका छन भने ९ वटा संघ संस्था सुचिकरण भएका छन । यो सँगै हालसम्म यस नगरपालिकामा दर्ता भएका टोल विकास संस्था २१ वटा टोल विकास संस्था र खानेपानी उपभोक्ता समितिको संख्या २२ वटा पुगेको छ ।यस नगरपालिकाका विभिन्न सार्वजनिक पदमा पदाधिकारी तथा कर्मचारीहरु गरी कुल ३९१ जनाको आ.ब २०७७/७८ को सम्पत्ति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश हेटौडामा पेश गरिसकिएको छ ।

## ९.<u>विपद व्यवस्थापन, वातावरण संरक्षण एवं पूर्ण सरसफाई</u>

विपद व्यवस्थापन क्षेत्र विकास साझेदारहरुको साझेदारीमा भू क्षय नियन्त्रण एवं व्यवस्थापनको लागि कार्यक्रम कार्यान्वयनमा रहेका छन् । ५०।५० लागत साझेदारी कार्यक्रमको लागि आएको २५० भन्दा बढी निवदेनहरुलाई कार्यविधि अनुरुप ३५ वटा योजना छनौट गरि योजना सम्झौताको लागि सिफारिस गरिएको छ । अन्य निवेदनहरु प्रक्रियमा रहेका छन् । आईसेट नेपाल एवं डिसिए नेपालसँगको सहकार्यमा विपद जोखिम न्यूनिकरण क्षेत्रमा विभिन्न कार्यक्रम संचालनको लागि प्रस्तावना मूल्यांकन प्रकृयामा रहेको छ । नगरक्षेत्रमा हुने वर्षाको आकंलन एवं मूल्यांकनको लागि ६ सामुदायिक विद्यालयकहरुमा रेन गज राख्ने र दैनिक निरिक्षण गरि राष्ट्रिय फोरममा रिपोटिङ्ग गर्ने कार्य सम्पन्न भएको छ ।

समुदाय स्तरमा पूर्ण सरसफाइ सम्बन्धी चेतना अभिबृद्धि भई रहेको अवस्था छ । हाल सम्म नगर क्षेत्र भित्र पूर्ण सरसफाइ अभियान अन्र्तगत ५६ वटा टोलस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समितिहरु गठन भई सकेको छ । जसमा ७ वटा

टोल स्तरीय समितिहरुको कार्य योजना निर्माण भई पूर्ण सरसफाइ अभियानमा परिचालन भई रहेको छ । टोलस्तरीय समितिहरुको अगुवाईमा नियमित बैठक, सरसफाइ कार्यक्रम, एक घर दुई विरुवा अन्र्तगत बृक्षारोपण र हरियाली प्रबद्र्धन गर्ने जस्ता कार्यहरु संचालन भएको छ । टोलस्तरीय समितिहरु गठन तथा परिचालन भईरहेको क्षेत्रमा फोहोर मैला संकलन गर्ने सेवा प्रदायक संस्थाको सदस्यता बृद्धि भई रहेको छ । हाल सम्म नगरपालिका क्षेत्र भित्र ३४ प्रतिशत घरधुरीहरुले फोहोर मैला व्यवस्थापनको लागी सेवा प्रदायक संस्थाको सदस्यता प्राप्त गरि सकेको । यो आ.व. मा ४ वटा सामुदायिक र १२ वटा संस्थागत बिद्यालयमा विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता (विद्यालय वास) सम्बन्धी अभिमुखिकरण सम्पन्न भएको छ र बिद्यालयको वास सुधारको लागी विद्यालयस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको अवस्था छ । चाँगुनारायण नगर क्षेत्र भित्र संचालित विद्यालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सधारको लागी काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (भ्याली बोर्ड) मा प्रस्तावना पेश गरिएको अवस्था छ, जसबाट विद्यालयहरुको विद्यमान वासको अवस्थामा सुधार हुने अपेक्षा गरिएको छ । विद्यालय वाल क्लबको नियमित बैठक संचालन भई रहेको छ । महिनावारी स्वच्छता व्यवस्थापनको लागी समुदाय तथा विद्यालय स्तरमा समितिहरु गठन गरि अभिमुखिकरण सम्पन्न भएको छ । टोलस्तरीय समितिहरुमा पूर्ण सरसफाइ र नमुना समुदाय सम्बन्धी अभिमुखिकरण कार्यक्रम मार्फत अभियान संचलन । महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई पूर्ण सरसफाइ सम्बन्धी अभिमुखिकरण गरि पूर्ण सरसफाइ अभियानमा परिचालन गरिदै छ ।

## १०. व्यक्तिगत घटना दर्ता एवं सामाजिक सुरक्षा :

यस आ.ब को प्रथम चौमासिकमा जेष्ठ (७० माथि) २१३५ जना, ज्येष्ठ नागरिक दलित ९१ जना, एकल महिला ६२६ जना, विधवा महिला ७४१ जना, पूर्ण अपाङ्ग १४० जना, अति अशक्त १५४, बालपोषण ११४ गरी कुल ४०११ जनालाई रु. ३,९७,२९,५४१ अक्षरुपी (तिन करोड सतानब्बे लाख उन्नतिस हजार पाँच सय एकचालिस रुपैँया) सामाजिक सुरक्षा वापत पहिलो किस्ता भुक्तानी गरिएको छ । व्यक्तिगत घटनादर्ताको मुल अभिलेख दर्ता किलाबमा रहेका विवरणलाई विद्युतीय प्रणालीमा प्रविष्ट गराउने काम ९ वटा वडा कार्यालयमा संचालन गरिएको व्यक्तिगत घटनादर्ताको डिजिटाइजेशन काम सम्पन्न गर्ने गरी संचालन गरिएको छ ।हालसम्म जन्मदर्ता, मृत्युदर्ता, बसाइसराइदर्ता, विवाहदर्ता, सम्बन्ध विच्छेदको अभिलेखलाई विद्युतिय प्रणालीमा आवद्व गरिएको छ ।

## ११. भवन पुन निर्माण एवं नक्सापास :

उपस्थित नगसभा सदस्यज्यूहरु, यस नगरपालिकामा भुकम्प प्रभावित कुल लाभग्राहीहरुको संख्या ११०९० रहेकोमा अनुदान सम्झौता गरि प्रथम किस्ता वापतको रकम प्राप्त गर्ने लाभग्राहीको संख्या १०१२३ रहेका छन् भने दोश्रो किस्ता प्राप्त गर्ने लाभग्राही संख्या ५७५२ छन् । साथै हालसम्म तेश्रो किस्ता प्राप्त गर्नेको संख्या ५६७८ आवास पुन निर्माण

भईसकेका छन् ।  यस आर्थिक वर्षमा मात्र पहिलो किस्ताको लागि ४५० निवदेनहरु प्राप्त भएका छन् । छुट भएका दोश्रो किस्ताको लागि ५५० निवदेनहरु प्राप्त भएका छन् । प्राप्त निवेदनहरु मध्ये ८५ लाभग्राहीहरुको फाइल अनुदान भुक्तानीको लागि शहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय भक्तपुरमा सिफारिस गरिएको छन् भने अन्य फाइल सिफारिस प्रकृयामा रहेका छन् ।

यस आर्थिक वर्षमा भवन निर्माण तर्फ  २५९५  भवनहरुले स्थायी भवन निर्माण ईजाजत प्राप्त गरेका छन् भने ८२१ वटा भवन निर्माण सम्पन्न भएका छन् । ३२९ वटा भवन आंशिक भवन निर्माण सम्पन्न, १२५ भवन निर्माण अभिलेखिकरण, ६७ वटा नक्सा नामसारी भए भने ४२ वटा घरनक्सा नविकरण भएका छन् ।

## **१२.स्थानीय कानून एवं न्याय निरुपण  :**

सभामा उपस्थित महानुभावहरु, हामि जनप्रतिनिधिको रुपमा निर्वाचित भए पश्चात  नगरकार्यपालिका एवं यस नगरसभा मार्फत हालसम्म साल बसाली बाहेक १७ ऐन, ६ वटा नियमावली, ९ वटा निर्देशिका , ३३ वटा कार्यविधि, ३ वटा निति तथा योजना, १ आचारसहिंता र १ संगठनात्मक संरचना एवं कर्मचारी व्यवस्थापन प्रतिवदेन पारित गरि स्थानिय शासनलाई थप व्यवस्थित एवं सुदृढ बनाउने प्रयास गरेका छौँ ।

त्यसैगरि न्यायिक समिति हालसम्म १२७ मुद्दा दर्ता भएकोमा १०५ मुद्दा फर्छौट भईसकेको छ,  २१ मुद्दा सुनुवाई प्रकृयामा रहेका छन्, ४० मुद्दा मेलमिलाप मार्फत समाधान गरिएको छ । २ वटा मुद्दा पुर्नाविदनको लागि भक्तपुर जिल्ला अदालतमा गएको छ । ३७ जना मेलमिलापकर्ताहरुलाई तालिम संचालन गरि नगरस्तरीय मेलमिलाप केन्द्रका लागि सूचिकृत भएका छन् । वडास्तरीय मेलमिलाप केन्द्र स्थापना प्रक्रियामा रहेका छन् ।

## **१३. बजार अनुगमन तर्फः**

चाँगुनारायण नगरपालिकाको वडा नं २,५,६, होटल,  औषधि पसल,  मासु पसल, डिपार्टमेन्टल स्टोर लगायतका कुल १६८ वटा पसलहरुमा अनुगमन गरी कैफियत तथा अखाद्य वस्तु भेटिएका पसलहरुबाट सामान बरामद गरी आवश्यकता अनुसार सचेत तथा जरिवाना गरिएको छ । त्यसै गरी यस नगरपालिकामा व्यवसाय दर्ता नगराएका पसलहरुलाई यथाशिघ्र नगरपालिकामा व्यवसाय दर्ता गर्न निर्देशन दिइएको छ ।

आदरणीय नगरसभाका सदस्य ज्यूहरु, यस नगरपालिकाको चालु आर्थिक वर्षको अर्धवार्षिक समिक्षाको मैले संक्षिप्तरुपमा प्रस्तुत गरि सकेको छु । नवौं नगरसभाबाट स्विकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा आदरणीय

नगर प्रमुख ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सबै शाखाको प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुको अतुल्निय सहयोगत प्रति म हार्दिक कृतज्ञता ज्ञापत गर्दछु । आउँदा दिनमा कार्यक्रमलाई समयमै सम्पन्न गर्न सबै क्षेत्रबाट सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । धन्यबाद

## अनुसूचि १

**राजश्व संकलन एवं आन्तरिक श्रोत :**

२०७८ पुस १३ गतेसम्म शीर्षकगत रुपमा संकलन भएको राजस्व रकम अनुसूचीमा संलग्न गरिएको छः–

| सि.नं | शीर्षक | संकलित रकम |
|---|---|---|
| १ | सम्पत्ति कर | ८,६३,३८१।– |
| २ | भुमिकर/मालपोत | ६६,८१,३९३।- |
| ३ | घरबहाल कर | २३,८१,०६४।– |
| ४ | बहाल विटौरी कर | १३,२३०।– |
| ५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८०,०६,१४५।– |
| ६ | अन्य सेवा शुल्क | १,०१,२५,६३४।– |
| ७ | अन्य व्यत्तिगत आन्तरिक अनुदान | ३१,१४०।– |
| ८ | परीक्षा शुल्क | २,४९,८९०।– |
| ९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,५००।– |

| | | |
|---|---|---|
| १० | नक्सापास दस्तुर | १,३६,१३,१००।– |
| ११ | सिफारिश दस्तुर | २,३७,५५,३१३।– |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,३२,५५०।– |
| १३ | नाता प्रमाणित दस्तुर | १,९३,०२०।– |
| १४ | अन्य दस्तुर | २८,६५,८२३।– |
| १५ | प्रशासनिक दण्ड जरिवाना र जफत | ४,३१,६१३।– |

यसरी नै नगरपालिकाले अन्य आय ठेक्काबाट हालसम्म तपसिल बमोजिम रकम संकलन गरेको छ ।

| सि.नं | शीर्षक | संकलित रकम |
|---|---|---|
| १ | माटो, पाँगो र काँचो इट्टासम्बन्धी ठेक्का | २५,६७,०००।– |
| २ | कच्चा पानी तथा शुद्द पानी सम्बन्धी ठेक्का | २७,२८,५००।– |
| ३ | विज्ञापन कर | ५,६७,०००।– |
| ४ | चाँगुनारायण मन्दिरमा पर्यटक प्रवेश शुल्क(गत आ. व. मा सङ्कलन हुन नसकेको रकम) | २६,२९,४८२।– |

वडागत रुपमा २०७८ पुस १३ गतेसम्म संकलन भएको राजस्व देहाय बमोजिम प्रस्तुत गरिएको छः–

| वडा नं | संकलित रकम |
|---|---|
| १ | २६,२५,५३०।– |
| २ | ५२,३०,०५७।– |
| ३ | २१,३३,७६२।– |
| ४ | ३७,१५,८८८।– |

| | |
|---|---|
| ५ | ३२,५७,०१७।– |
| ६ | ४३,१२,५४२।– |
| ७ | ३४,३८,५०४।– |
| ८ | ६८,२०,८६०।– |
| ९ | ५७,५३,४४७।– |